# नागरिक लगानी कोष

नयाँ बानेश्वर, काठमाण्डौ

## नेपाल प्रहरीका प्रहरी कर्मचारीहरुको

# सावधिक जीवन बीमाकोष संचालन कार्यबिधि, २०७२

(प्रहरी नियमावली, २०७१ को नियम १४४ ले व्यवस्था गरे बमोजिम यस कार्यविधि बनाई कोषको सञ्चालक समितिको मिति २०७२/०८/२५ गतेबाट स्वीकृत प्राप्त ।)

# नागरिक लगानी कोष

## नेपाल प्रहरीका प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष संचालन कार्यविधि, २०७२

प्रहरी नियमावली, २०७१ को नियम १४४ ले व्यवस्था गरे बमोजिम नेपाल प्रहरीतर्फका प्रत्येक कर्मचारीलाई २०७२ श्रावणदेखि लागू हुनेगरी निजामती कर्मचारी तथा अन्य राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराए सरहको बीमा सुविधा उपलब्ध गराउने भनी नेपाल सरकार (मन्त्री परिषद्) वै.स.४५।०७२ मिति २०७२/०७/२३ को बैठकबाट निर्णय भए अनुसार बाहालवाल प्रहरी कर्मचारीहरूको तलबबाट रकम कट्टी गरी त्यतिनै रकम नेपाल सरकारबाट थप अनुदान समेतको रकमलाई संकलन र लगानी गर्ने गरी एउटा कोषको व्यवस्था गर्ने र त्यसै कोषबाट प्रहरी कर्मचारीहरूलाई बीमा सुविधा प्रदान गर्ने उद्देश्यले सावधिक जीवन बीमाकोष संचालन गर्न नागरिक लगानी कोष ऐन, २०४७ को दफा १७ र नागरिक लगानी कोष व्यवस्थापन विनियमावली, २०४८ बमोजिम कोषको संचालक समितिले देहायको कार्यबिधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस कार्यविधिको नाम "नेपाल प्रहरीका प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष संचालन कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि संचालक समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्छ ।

(ग) "संचालक समिति" भन्नाले नागरिक लगानी कोषको संचालक समितिलाई सम्झनुपर्छ ।

(घ) "विनियमावली" भन्नाले 'नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८' सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम कोषद्वारा संचालित प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष कार्यक्रम सम्झनु पर्छ ।

(च) "सहभागी" भन्नाले कार्यक्रममा रकम जम्मा गरी सहभागीको रूपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "प्रतिफल" भन्नाले कार्यक्रमका सहभागीहरूलाई संचालित कार्यक्रमबाट हुने आयबाट दिइने व्याज बोनस वा यस्तै अन्य कुनै रकम समेत सम्झनु पर्छ ।

(ज) "प्रहरी कर्मचारी" भन्नाले प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ ले व्यवस्था गरे बमोजिम बीमा सुविधा पाउने गरी नियुक्त भएका वाहालवाला प्रहरी कर्मचारीहरूलाई सम्झनु पर्छ ।

(झ) "पारिश्रमिक" भन्नाले प्रहरी कर्मचारीले प्राप्त गर्ने तलबलाई जनाउने छ ।

(ञ) "न्यासधारी प्राविधिक उपसमिति" भन्नाले यस कार्यविधिको दफा २३ बमोजिम गठन हुने प्राविधिक उपसमितिलाई सम्झनु पर्छ ।

(ट) "खुद कोष रकम" भन्नाले सहभागीहरूबाट बीमाकोष कट्टी गरी त्यसमा थपिने त्यतिनै रकम जोडी कायम हुन आएको रकममा बीमा प्रिमियम वापत भुक्तानी गरिएको रकम घटाई हुन आउने रकम सम्झनु पर्छ ।

(ठ) "कार्यालय" भन्नाले प्रहरी प्रधान कार्यालय अर्न्तगत सबै प्रहरी कार्यालयहरू तथा नेपाल सरकारले आवश्यकता अनुसार स्थापना गरेका प्रहरी कार्यालयहरूलाई सम्झनु पर्छ ।

३. **कार्यक्रमको सञ्चालन:–**

प्रहरी कर्मचारीहरूको मासिक तलबबाट सावधिक जीवन बीमाकोष बापत दुई सय रूपैया कट्टी गरी त्यसमा नेपाल सरकारको तर्फबाट थपिने त्यतिनै रकम समेत संकलन र त्यसको लगानी व्यवस्थापन गर्न एउटा कोष खडा गरी सोबाट आर्जित आय समेत बाट प्रहरी कर्मचारीहरूलाई बीमा सुविधा उपलब्ध गराउने उदेश्यले "बीमाकोष २०७२" नामबाट एक बीमाकोष योजना संचालन गरीनेछ ।

४. **कार्यक्रमको अवधि:–**

(१) बीमाकोष कार्यक्रमको अवधि २०७२/०४/०१ गतेदेखि २०८२ आषाढ मसान्तसम्म हुनेछ ।

(२) आवश्यकता अनुसार संचालन अवधि थप गर्न सकिनेछ ।

५. **कार्यक्रममा सहभागिता रहने:–**

(१) वाहालवाला प्रहरी कर्मचारीहरू यस योजनाका सहभागी हुनेछन् ।

(२) सहभागी प्रहरी कर्मचारीहरूले यसैसाथ संलग्न अनुसूची १ बमोजिमको व्यक्तिगत विवरण फाराम र अनुसूची २ बमोजिमको परिचयपत्र भरी आफु कार्यरत कार्यालयबाट प्रमाणित गराई कोषमा पठाउनु पर्नेछ ।

(३) नयाँ भर्ना हुने प्रहरी कर्मचारीहरूको हकमा नियुक्तिपत्र बुझेको १ महिना भित्र उक्त फारम भरी कोषमा पठाउनु पर्नेछ ।

(४) कोषले उपदफा (२ र ३) बमोजिम दरखास्त प्राप्त भएपछि प्रहरी कर्मचारीहरूको पूर्ण विवरण सहित सहभागी प्रहरी कर्मचारी सूचीमा सम्बन्धित प्रहरी कर्मचारीहरू को नाम दर्ता गर्नेछ र त्यसरी नाम दर्ता गरीएको व्यहोरा सम्बन्धित कार्यालयमार्फत सहभागी प्रहरी कर्मचारीहरूलाई जानकारी दिइनेछ ।

६. **कार्यक्रममा रकम जम्मा गर्नुपर्ने:–**

(१) सम्बन्धित प्रहरी कार्यालयहरूले दफा ५ बमोजिम सहभागी प्रहरी कर्मचारीहरूको मासिक पारिश्रमिकबाट कट्टा गरीने रू.२००/- र नेपाल सरकारको तर्फबाट थप गरीने रू.२००/- गरी जम्मा रू.४००/- कोषले तोकेको खातामा जम्मा गर्नु गराउनु पर्नेछ ।

(२) कोषले नेपाल राष्ट्र बैंकबाट तोकिएको "क" वर्गको बैंकमा खाता खोली सोको विवरण सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कट्टी र थप गरेको रकम समेत जोडी पारिश्रमिक वितरण भएको सात दिनभित्र कार्यालयले कोषले तोकी दिएको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कोष कट्टी गर्ने कार्यालयले कोष कट्टी रकम बैंक खातामा जम्मा नगरी कोषले भुक्तानी पाउने गरी कोषको नाममा ड्राफ्ट पठाउन पनि सक्नेछ ।

(५) कोष कट्टी रकम कोष वा कोषद्वारा तोकिएको बैंक खातामा जम्मा नभएमा वा ड्राफ्ट मार्फत भुक्तानी पठाइएकोमा ड्राफ्ट भुक्तानी नभई कोषको खातामा रकम जम्मा नभएमा उक्त रकमप्रति कोषको कुनै दायित्व रहने छैन र उक्त रकम कोषको खातामा जम्मा गराउनु कोष कट्टी गर्ने सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

७. कार्यालयले फांटवारी पठाउनुपर्ने:-

(१) दफा ६ बमोजिम रकम जम्मा गर्ने कार्यालयले यसैसाथ संलग्न अनुसूची ३ बमोजिमको कोषकट्टी विवरण र बैंक भौचर रकम दाखिला गरेको सात दिनभित्र कोषमा पठाउनु पर्नेछ । उक्त कोषकट्टी विवरण र बैंक भौचरको सफ्ट कपि ईमेल वा सिडीमा समेत उपलब्ध गराउनु पर्नेछ । यसरी कट्टा भएको रकम समयमै दाखिला गर्ने दायित्व आर्थिक प्रशासन संचालन गर्ने प्रहरी कर्मचारी र कार्यालय प्रमुखको रहनेछ ।

(२) दफा ६ (३) बमोजिम कोषमा ड्राफ्ट पठाउने कार्यालयले अनुसूची ३ बमोजिमको विवरण र बैंक ड्राफ्ट खिचेको सात दिनभित्र सो ड्राफ्ट र विवरण कोषमा पठाउनु पर्नेछ ।

(३) संलग्न अनुसूची ३ बमोजिमको बीमा रकमको फांटवारी २ प्रति तयार गरी १ प्रति बैंक भौचर, १ प्रति फांटवारी (सफ्ट कपि सहित) मासिक रूपमा कोषमा पठाउनु पर्नेछ । १ प्रति बैंक भौचर र फांटवारी कार्यालयमा राख्नुपर्नेछ ।

(४) निलम्बन भएको प्रहरी कर्मचारीहरूको पनि अन्य स्थायी प्रहरी कर्मचारीको सरह बीमा कट्टी थप र दाखिला समेत गर्नु पर्नेछ ।

(५) असाधारण बिदा वा वेतलवी अध्ययन बिदा वा वेतलवी बिदा लिएको अवस्थामा त्यस्तो प्रहरी कर्मचारीले बीमा बापत रकम जम्मा गरेमा मात्र त्यस्ता प्रहरी कर्मचारीको लागि नेपाल सरकारले सो अवधिको रकम थप गरी कोषमा जम्मा गरिदिनेछ ।

(६) एकै पटक १ भन्दा बढी महिनाको बीमा रकम पठाउनु परेको अवस्थामा प्रत्येक महिनाको छुट्टा-छुट्टै बिबरण तयार गरी पठाउनु पर्नेछ ।

(७) सरूवा हुँदा रमानापत्रमा कुन महिनासम्मको रकम पठाएको हो सो स्पष्ट उल्लेख गरी सोको बोधार्थ कोषलाई दिनुपर्नेछ ।

८. कोषमा जम्मा भएको रकममा प्रतिफल दिइने:-

(१) कार्यक्रममा सहभागी प्रहरी कर्मचारीबाट बीमाकोष बापत जम्मा भएको खुद कोष रकममा प्रत्येक बर्षको अन्त्यमा बार्षिक प्रतिफल बितरण गरिनेछ । त्यसरी बितरण गरिने प्रतिफल कोषले लगानी गरी प्राप्त आम्दानीबाट खर्चहरू घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट समानुपातिक रूपमा वितरण गरिनेछ। यसरी बितरण गरिने प्रतिफल न्यूनतम (४) चार प्रतिशत हुनेछ । प्रतिफल वितरण सम्बन्धमा यस कार्यविधिको दफा २३ (३) बमोजिम न्यासधारी प्राविधिक उपसमितिले पुनरावलोकन गर्न सक्नेछ ।

(२) प्रत्येक वर्ष उपनियम (१) बमोजिम सहभागी प्रहरी कर्मचारीले पाउने प्रतिफल आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निजहरूको सम्बन्धित खातामा जम्मा गरीनेछ।

९. बीमाकोषको आम्दानीको श्रोत र खर्चहरू:–

(१) आम्दानीको श्रोत:– प्रहरी कर्मचारीहरू बाट प्राप्त हुने बीमाकोष रकम, बीमाकोष रकम लगानी गरी कोषले आर्जन गरेको आय र नेपाल सरकारबाट प्राप्त हुने सोधभर्ना रकम बीमाकोषको आम्दानीमा समावेश हुनेछ ।

(२) खर्चहरू:– देहायका खर्चहरूलाई बीमाकोष संचालन खर्चहरूमा समावेश गरिनेछ ।

(क) बीमाकोष संचालन गर्ने क्रममा भएका पूर्व संचालन खर्चहरू ।

(ख) बीमाकोष परिचालन गर्दा लाग्ने कमिशन, शूल्क वा अन्य प्रत्यक्ष खर्चहरू ।

(ग) प्रत्यक्ष संचालन खर्चहरू ।

(घ) दफा १२ बमोजिमको कोष व्यवस्थापन शूल्क ।

१०. प्रिमियम सहभागी हिसावबाट न्यून गरिने :– बीमा गरेबापत बीमा कम्पनीलाई दिने प्रिमियम सहभागी हिसावबाट न्यून गरिने छ ।

११. बीमा समिकरण कोष सम्बन्धी व्यवस्था:– कोषले बीमा बापत लगानी गरी प्राप्त रकममध्येबाट प्रत्येक बर्ष बीमा समिकरण कोष खडा गर्न सक्नेछ ।

१२. कोष व्यवस्थापन खर्च:–

(१) कोषको कार्यक्रमको व्यवस्थापन गरेबापत सेवा शुल्क स्वरूपम प्रिमियम बापत संकलन भएको कूल रकमको ०.५% (शुन्य दशमलव ५ प्रतिशत) ले हुने रकम वा बार्षिक कूल आय (Gross Income) को २०% (बीस प्रतिशत्) ले हुने रकम मध्ये जुन घटी हुन्छ सो रकम कोषको बार्षिक कट्टी गरी लिनेछ । यो प्रयोजनको लागि कूल आय (Gross Income) भन्नाले कोषले बीमाकोषको रकम लगानी गरी आर्जन गरेको व्याज, लाभांश, बोनस वा यस्तै प्रकारको अन्य आम्दानीलाई जनाउँदछ ।

(२) कोषले बीमाकोषको कार्यक्रम संचालन गरेबापत प्रत्यक्ष संचालन खर्चको लागि बार्षिक कूल आयको ८% (आठ प्रतिशत) रकम वा प्रत्यक्ष संचालन खर्चको बास्तविक रकम (Acutual Expenses) मध्ये जुन घटी हुन्छ सो रकम कोषले कट्टी गरी लिन पाउने छ ।

(३) कुनै कारणले उपदफा (२) बमोजिमको खर्च कूल आयको ८% (आठ प्रतिशत) भन्दा बढि भएमा अर्को बर्षबाट लिने गरी जिम्मेवारी सार्न सकिनेछ । अर्को बर्षको बास्तविक खर्च गणना गर्दा यसरी जिम्मेवारी सारी आएको रकम समेत जोडी गणना गरिनेछ ।

१३. कार्यक्रममा जम्मा भएको रकमको भुक्तानी:–

(१) देहायका अवस्थामा कार्यक्रममा जम्मा भएको रकम सहभागी प्रहरी कर्मचारीलाई अनुसूची ४ बमोजिमको फारम भरी भुक्तानी दिइनेछ :–

(क) प्रहरी कर्मचारी सेवाबाट निबृत्त भएमा,

(ख) प्रहरी कर्मचारीको मृत्यु भएमा ।

तर बीचमा कुनै प्रकारको रकम भुक्तानी दिइनेछैन ।

(२) बीमाकोषमा जम्मा भएको रकम मध्येवाट प्रहरी कर्मचारी सेवा निबृत हुंदा नीजलाई दफा १४ मा व्यवस्था भए बमोजिमको बीमा रकम भुक्तानी दिइनेछ ।

(३) कुनै प्रहरी कर्मचारीको कार्यक्रम हिसावमा जम्मा बाँकी भएको रकम भुक्तानी नहुदै मृत्यु भएमा निजको नाममा रहेको रकम निजले आफ्नो परिवारको सदस्य मध्येमा कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कसैलाई पनि नइच्छाएको भएमा सो प्रहरी कर्मचारीको परिवारको सदस्य मध्ये कानून बमोजिम नजिकको हकवाला व्यक्तिलाई दिइनेछ ।

(४) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको प्रहरी कर्मचारीले समेत नीजको कोषमा जम्मा भएको रकम र त्यसमा पाकेको प्रतिफल पाउनेछ ।

(५) सेवा निवृत हुने प्रहरी कर्मचारीले सेवा निवृतको पत्र पेश गनुपर्नेछ ।

(६) सेवा अवधिमै मृत्यु भएका प्रहरी कर्मचारीको हकमा उपदफा ३ बमोजिम बाँकी रकम पाउने व्यक्तिले अभिलेखालयले प्रमाणित गरिदिएको कागजात पेश गर्नु पर्नेछ ।

१४. **प्रहरी कर्मचारीले पाउने बीमा सुबिधाः-**

(१) कोषमा रकम कट्टा गर्न शुरू गरेको बीस बर्ष अवधि नपुगी कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारले एक लाख रूपैया पाउनेछ ।

(२) कुनै प्रहरी कर्मचारी सेवाबाट अनिवार्य अवकास भएमा देहाय बमोजिमको रकम प्रदान गरिनेछ :-

(क) एक बर्षभन्दा कम अवधिको रकम कट्टि गरिएको भएमा दश हजार रूपैया,

(ख) एक बर्षदेखि पाँच बर्ष सम्म रकम कट्टि गरिएको भएमा पच्चीस हजार रूपैया,

(ग) पाँच बर्ष देखि दश बर्षसम्म रकम कट्टि गरिएको भएमा पचास हजार रूपैया,

(घ) दश बर्ष देखि पन्ध्र बर्षसम्म रकम कट्टि गरिएको भएमा पचहत्तर हजार रूपैया र

(ङ) पन्ध्र वर्षदेखि बीस बर्षसम्म रकम कट्टि गरिएको भएमा एक लाख रूपैया ।

तर प्रहरी कर्मचारीले जम्मा गरेको रकम, सोको प्रतिफल र लाभांश रकम उपदफा १ र २ मा उल्लेख भए अनुसारको बीमा सुविधा रकम भन्दा बढी हुन आएमा सोही वराबरको रकम उक्त कोषबाट प्रदान गरिनेछ ।

(३) कुनै प्रहरी कर्मचारीले रकम जम्मा गर्न शुरू गरेको बीस बर्ष नपुगी अनिवार्य अवकास भएको अवस्थामा बाहेक अन्य जुनसूकै किसिमबाट सेवाबाट अलग भएमा त्यस्तो प्रहरी कर्मचारीलाई कोषमा जम्मा भएको रकम र सोको प्रतिफल सहितको जम्मा रकम उपलब्ध गराईनेछ ।

(४) अनिवार्य अवकास भन्नाले प्रहरी नियमावली, २०७१ को नियम १२७, १२८ र १३१ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

(५) बेतलबी अध्ययन बिदा, विशेष बिरामी बिदा र बेतलबी प्रसुती बिदा लिएको अवस्थामा बीमा वापतको प्रिमियम रकम जम्मा गरेमा मात्र त्यस्ता प्रहरी

कर्मचारीको लागि नेपाल सरकारले सो अवधिको रकम थप गरी कोषमा जम्मा गरिदिनेछ ।

(६) कार्यक्रम योजना लागू भएको मिति २०७२/०४/०१ गते पश्चात अवकास वा मृत्यु हुने प्रहरी कर्मचारीहरूले यो सुविधा लिन बाधा पर्ने छैन ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाबाट अवकाश हुने प्रहरी कर्मचारीले सावधिक जीवन बीमाकोषमा जम्मा गरेको रकम बीस बर्ष वा सो भन्दा कम अवधिमा परिपक्व हुने गरी निरन्तरता दिन सक्नेछ ।

तर सो बापत नेपाल सरकारले कुनै रकम व्यहोर्ने छैन ।

१५. **सावधिक जीवन बीमाकोष:–**

(१) प्रहरी कर्मचारीरूलाई सावधिक जीवन बीमाको सुविधाको लागि एक बीमाकोष खडा गरिने छ ।

(२) प्रत्येक बर्ष प्रहरी कर्मचारीहरूको नाममा रहने खुद कोष रकमलाई यस कोषमा जम्मा गरिने छ ।

(३) प्रहरी कर्मचारीलाई प्रदान गरिने सावधिक जीवन बीमा बापतको रकमको भुक्तानी यस कोषबाट गरिने छ ।

१६. **आबधिक जीवन बीमा (टर्म लाइफ इन्सुरेन्स) सम्बन्धी व्यवस्था:–**

(१) प्रहरी कर्मचारीको मृत्युबाट पर्न सक्ने जोखिमलाई व्यवस्थापन गर्न बीमा कम्पनीहरूमा एक लाख रूपैयाको आवधिक जीवन बीमा (टर्म लाइफ इन्सुरेन्स) गर्न सकिनेछ वा कोषले आफैं टर्म लाइफ इन्सुरेन्सको व्यवस्था गर्न सक्नेछ ।

(२) उपरोक्त अनुसार बीमा गर्दा राष्ट्रिय बीमा संस्थानसँग गरिनेछ ।

१७. **कोष रकमको लगानी:–**

(१) कार्यक्रम अन्तर्गत प्राप्त भएको रकमलाई कोषले देहाय बमोजिम लगानी गर्न सक्नेछ :

(क) नेपाल सरकारको वण्ड, ऋणपत्र वा त्यस्तै अन्य धितोपत्र खरीद गर्ने ।

(ख) समयकालीन कर्जा वा बैंक, वित्त कम्पनी तथा वित्तीय संस्थाहरूमा निक्षेपमा लगानी गर्ने ।

(ग) संगठित संस्थाको शेयर, डिवेन्चर, बोण्ड र नेपाल सरकारको ऋणपत्र वा धितोपत्र खरिद गर्ने ।

(घ) धितोपत्रको प्रत्याभूति वा ब्रिज फाइनान्सिङ्गमा लगानी गर्ने ।

(२) उपदफा (१) बमोजिम लगानी गर्दा कोषले आवश्यक देखेमा प्राविधिक समितिसंग परामर्श गरी उच्चतम ब्याज वा लाभांश प्राप्त हुने गरी अन्य क्षेत्रमा समेत लगानी गर्न सक्नेछ ।

(३) बीमाकोष रकम लगानी गर्दा यसरी लगानी गर्ने रकमलाई सर्वसाधारण (Mass General Public) ले लगानी गरे सरह मान्यता प्रदान गरिनेछ । सरकारी ऋणपत्र बोण्ड, डिबेन्चर जस्ता धितोपत्रहरूमा लगानी गर्दा बाँडफाँडमा प्राथमिकता प्रदान गरीनेछ ।

१८. कोष रकमको लेखा:-

(१) कार्यक्रम अन्तर्गत प्राप्त रकम, त्यसको लगानी, लगानीमा प्राप्त आय समेत कार्यक्रम अन्तरगतको हिसाब किताब छुट्टै देखिने गरी लेखा राखिनेछ ।

(२) कार्यक्रमको प्रत्येक सहभागी प्रहरी कर्मचारीको निजले जम्मा गरेको रकम तथा कोषबाट प्रदान गरीएको प्रतिफल समेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिनेछ ।

(३) लेखा Accrual Basis मा राखिनेछ ।

१९. **आय भन्दा व्यय रकम बढी भएको अवस्थाको व्यवस्थापन:-** यस कार्यविधि बमोजिम बीमाङ्क रकम प्रदान गर्दा सम्बन्धित प्रहरी कर्मचारीको नाममा जम्मा भएको रकम भन्दा बढी रकम प्रदान गर्नुपर्ने भएमा बढी हुने रकम कोषको हिसावमा नेपाल सरकार अर्थमन्त्रालयको नाममा पाउनु पर्ने रकम रिसिभिएवल को रूपमा लेखांकन गरिनेछ । यस्तो रकमलाई बीमाकोषको कूल आम्दानीबाट सम्पूर्ण खर्चहरू (प्रतिफल, व्यवस्थापन शुल्क, संचालन खर्च आदि) घटाई हुन आउने बचत रकमलाई कट्टा गर्दै लगिने छ । यसरी कट्टा गर्दै जाँदा मिलान हुन नसकेको रकम नेपाल सरकार अर्थ मन्त्रालयको सहमति अनुसार सोधभर्ना लिइनेछ ।

२०. **सहभागी प्रहरी कर्मचारीको सरूवा भएमा जानकारी दिनुपर्ने:-**

(१) कुनै सहभागी प्रहरी कर्मचारी कार्यरत कार्यालयबाट अन्यत्र सरूवा भएमा सम्बन्धित कार्यालयले सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा निज सरूवा भएको कार्यालय र सरूवा हुनुपूर्व त्यस कार्यालयबाट मासिक कोष कट्टी सम्बन्धी विवरण समेतको जानकारी दिनु पर्नेछ ।

२१. लेखा परीक्षण:-

(१) स्वीकृत लेखापरीक्षक (चार्टर्ड एकाउण्टेण्ट) बाट लेखापरीक्षण गराइने छ ।

(२) अन्तिम लेखापरीक्षण पश्चात सोको १ प्रति प्रहरी प्रधान कार्यालयलाई दिनुपर्नेछ ।

२२. **कार्यक्रम सम्बन्धी अन्य व्यवस्था:-**

यस कार्यविधिमा लेखिए बाहेक कार्यक्रम सम्बन्धी अन्य व्यवस्था ऐन, विनियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **बीमाकोष योजनाको संचालन कार्यबिधि:-**

(१) नागरिक लगानी कोष ऐन २०४७ को दफा १७ बमोजिम यस कोषको संचालन हुनेछ । उक्त ऐनं र नागरिक लगानी कोष व्यवस्थापन बिनियमावली २०४८ बमोजिम कार्य संचालन र व्यवस्थापन हुनेछ ।

(२) योजनाको आफ्नो छुट्टै कोष (फण्ड) हुनेछ । सो कोष (फण्ड) को संचालन गर्दा नागरिक लगानी कोषले ट्रष्टी (न्यासधारी) को हैसियतले सेवाहरू उपलब्ध गराउनेछ ।

(३) योजना अन्तर्गत बीमाकोषको रेखदेख संचालन र दक्ष व्यवस्थापनको निमित्त देहाय बमोजिमको एउटा छुट्टै न्यासधारी प्राविधिक उपसमिति गठन गरीनेछ ।

(क) कोषको कार्यकारी निर्देशक — अध्यक्ष

(ख) कोषको संचालक समितिले तोकेको एक जना संचालक — सदस्य

(ग) नेपाल सरकार, गृह मन्त्रालयले मनोनयन गरेको सहसचिव उपसचिव सरहको प्रतिनिधि एक जना — सदस्य

(घ) नेपाल प्रहरी तर्फवाट प्रतिनिधित्व हुने गरी नेपाल प्रहरीको राजपत्राङ्कित प्रथम श्रेणी सरहको अधिकृत प्रतिनिधि एक जना — सदस्य

(ङ) कोषको सम्बन्धीत विभाग हेर्ने विभागिय प्रमुख — सदस्य

(च) कोषको बीमाकोष आयोजना हेर्ने अधिकृत — सदस्य सचिव

प्राविधिक उपसमितिको आमन्त्रित सदस्यमा आवश्यकता अनुसार कोषका अधिकृत तथा पदाधिकारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्राबिधिक उपसमितिको काम कर्तव्य र अधिकारः-

(क) योजनाको रकम परिचालनको लागि लगानी नीति निर्धारण गर्न ढाँचा तोक्ने ।

(ख) योजनाको हिसाव किताव राख्ने सम्वन्धमा नीतिहरू निर्धारण गर्ने ।

(ग) योजनाको हिसाव किताव राख्ने, राख्न लगाउने र सोको सुरक्षाको व्यवस्था गर्ने ।

(घ) योजना अन्तर्गत भएको लगानीको निरन्तर अनुगमन गर्ने र मार्ग दर्शन दिने ।

(ङ) बीमाकोष योजनाको दायित्व निर्धारण गर्ने र वासलात तथा नाफा नोक्सान हिसाव तथा बित्तिय विवरणहरू प्रमाणित गर्ने/स्वीकृत गर्ने ।

(च) योजनाको लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट औल्याइएका बेरूजुहरू नियमित गराई फरफारक गर्ने ।

(छ) योजना अन्तर्गतको आम्दानी बाँडफाँड गर्न प्रतिफल वितरण सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(ज) योजनाको प्रगति विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको २ महिना भित्र कोषको संचालक समिति समक्ष पेश गर्ने ।

(झ) योजनाको प्रगति विवरणहरू प्रकाशित गर्ने ।

(ञ) संचालक समितिले तोकिदिएका अन्य कार्यहरू ।

(५) प्राबिधिक उपसमितिको बैठकः-

(क) प्राविधिक उपसमितिको बैठक उपसमितिका अध्यक्षले बोलाउनेछन् ।

(ख) प्राविधिक उपसमितिको बैठक एक आर्थिक बर्षमा कम्तिमा ६ पटक बस्नेछ ।

(ग) बैठकमा भाग लिए वापत प्राविधिक उपसमितिका अध्यक्ष र सदस्यहरूलाई कोषको संचालक समितिले प्राए सरहको बैठक भत्ता प्रदान गरिनेछ ।

२४. **नेपाल सरकारको अधिकार:–** बीमाकोष संचालनका लागि नेपाल सरकार अर्थ मन्त्रालयले उपयुक्त देखेको विषयहरूमा कोषलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२५. **कोषले शर्तहरूमा परिवर्तन गर्न सक्ने:–**

(१) न्यासधारी प्राविधिक उपसमितिको सिफासिमा कोषको संचालक समितिले बीमाकोष कार्यविधीका शर्तहरू थपघट गर्न वा परिवर्तन गर्न सक्नेछ । त्यसरी थपघट वा परिवर्तन गरिएका शर्तहरू यी नियमहरूमा परेसरह मान्य हुनेछन् ।

(२) उपनियम (१) बमोजिम शर्तहरूमा थपघट वा परिवर्तन गरेको कुरा कोषले प्रहरी कर्मचारीहरूको जानकारीको लागि नेपालको प्रमुख पत्रपत्रिकामा प्रकाशित गर्नेछ ।

(३) यस कार्यबिधिको संचालनको लागि आवश्यक पर्ने निर्देशिकाहरू तयार गर्ने र अनुसूचीहरूमा आवश्यकता अनुसार थप घट र परिवर्तन गर्ने अधिकार कोषमा निहित रहने छ ।

२६. **हिसाव विवरण प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्ने:–** कोषले बीमाकोषमा जम्मा भएको प्रत्येक प्रहरी कर्मचारीको छुट्टाछुट्टै हिसाव देखिने गरी अभिलेख अद्यावधिक गरी प्रत्येक बर्षको विवरण सम्बन्धित प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ ।

*****

अनुसूची १

# नागरिक लगानी कोष

(नागरिक लगानी कोष ऐन २०४७ अन्तर्गत स्थापित)
नयाँ बानेश्वर, काठमाण्डौं ।

प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष, २०७२
सहभागीका लागि दिने दरखास्त फारम

श्री नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौं ।

मार्फत : श्री ..................... कार्यालय ................

**बिषय: सावधिक जीवन बीमाकोष २०७२ मा सहभागी हुने बारे ।**

कोषले संचालन गरीरहेको प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष, २०७२ कार्यबिधि बमोजिम मासिक पारिश्रमिकबाट बीमाकोष कट्टा गरी जम्मा गराउन मन्जूर भएकोले उक्त कार्यक्रममा सहभागी हुन देहायका विवरण सहित अनुरोध गर्दछु ।

बीमाकोषकट्टी शुरू मिति : ...........................................

**व्यक्तिगत बिबरण:**

| | |
|---|---|
| प्रहरी कर्मचारीको नाम, थर: | |
| दर्जा: | |
| बाबुको नाम: | |
| बाजेको नाम: | |
| स्थायी ठेगाना: | |
| कार्यालयको नाम: | |
| प्रहरी कर्मचारीको सही: | |
| **सम्बन्धित कार्यालयले प्रमाणित गर्ने**<br>माथि उल्लेख गरे अनुसारको यस कार्यालयका प्रहरी कर्मचारीको उल्लेखित विवरणहरू र निजको दस्तखत ठीक साँचो हो । निजले दस्तखतमा उल्लेख गरे अनुसार मासिक पारिश्रमिकबाट रू.२००/- कट्टा गरी सोही बराबर रकम कार्यालयबाट थप गरी कोषले तोके अनुसार जम्मा गरी सो को विवरण र बैंक भौचर/ड्राफ्ट कोषमा पठाउने व्यवस्था मिलाइनेछ । | |
| लेखामा काम गर्ने: | कार्यालय प्रमुख: |
| लेखा प्रमुख: | दस्तखत: |
| दस्तखत: | नाम: |
| नाम: | दर्जा: |
| दर्जा: | मिति: |
| मिति:<br><br>कार्यालयको छाप : | |

अनुसूची २

व्यक्तिगत नं.........

# नागरिक लगानी कोष

(नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित)
नयाँ बानेश्वर, काठमाण्डौं ।
प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष, २०७२

बीमा प.प.नं.: ...................
ना.प्र.प.नं : ..................... जिल्ला: .........................
प्रहरी कर्मचारी नाम, थर : ............................................
Name (IN BLOCK LETTER): ......................................................
पद: .............................................................
बाबुको नाम: .......................................................
बाजेको नाम: .......................................................
स्थायी ठेगाना: ....................................................
जन्म मिति: ...............................................
परिचयात्मक चिन्ह : ..................................
कार्यालयको नाम: .........................................
कार्यालयको ठेगाना: ..................................
बीमाकोष कट्टी गरेको मिति: .................................
कर्मचारीको दस्तखत: ................................

फोटोमा समेत पर्नेगरी दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

प्रहरी कर्मचारीको औठाको छाप

---

इच्छाइएको व्यक्तिको नाम, थर : ..........................

स्थायी ठेगाना: : ...............................................
इच्छाइएको व्यक्तिको दस्तखत : ............................

इच्छाइएको व्यक्तिको फोटो

**सम्बन्धित कार्यालयले दस्तखत गर्ने:**
उल्लेख गरे अनुसार सम्बन्धित प्रहरी कर्मचारीको विवरणहरू र निजको दस्तखत ठिक साँचो हो भनी प्रमाणित गरीएको छ ।

| दायाँ | बायाँ |
|---|---|
| | |

इच्छाइएको व्यक्तिको औठाको छाप

प्रमाणित गर्ने कार्यालय प्रमुखको सही:
नाम: ............................................
दर्जा : ........................................
मिति: .........................................
कार्यालयको छाप: ... ......................

नागरिक लगानी कोषको
अधिकृतको सही : ............. ..
मिति: .......................

अनुसूची २

# प्रहरी कर्मचारीहरुको सावधिक जीवन बीमाकोष कट्टी फाटवारी नमूना

## नागरिक लगानी कोष

नयाँ बानेश्वर, काठमाण्डौं ।
फोन नं. : ४७८५३२१, ४७८५३२२
फ्याक्स नं. ४७८५....

प्रहरी कर्मचारीहरूको सावधिक जीवन बीमाकोष आयोजना

मिति:

कार्यालयको नाम:-
ठेगाना तथा छाप:-
कार्यालयको कोड:-

कार्यालयको फोन नं.:
कोष कट्टी साल र महिना:-
दाखिला बैंकको नाम ठेगाना:-
बैंक दाखिला रकम:-
बैंक दाखिला मिति:-

श्री नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौं ।

यस कार्यालयका निम्न प्रहरी कर्मचारीहरूको फाँटवारी र बैंक दाखिला भौचर समावेश गरी आवश्यक कार्यार्थको लागि पठाइएको छ ।

| सि.नं. | पद | व्यक्तिगत नं. | नाम, थर | बीमा परिचयपत्र नं. | बीमा बापतको ना.ल.कोष कट्टी रकम | | | कोड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मासिक तलबबाट | नेपाल सरकारको तर्फबाट थप | जम्मा कट्टी | | |
| | | | | | | | | | |
| | | | जम्मा | | | | | | |

..................... तयार गर्ने

.......................... लेखापाल

.................. अधिकृत

नोट: प्रत्येक प्रहरी कर्मचारीको परिचय पत्र नं. र कार्यालय कोड नं. प्रथमपटक कोषले प्रदान गर्नेछ । त्यसपछि कार्यालयले भर्नुपर्नेछ । नयाँ सहभागी र सरूवा भई आएका प्रहरी कर्मचारीहरूको सम्बन्धमा कैफियतमा जनाउँनुहोला । अन्यथा हिसाव फरक पर्न सक्नेछ ।

अनुसूची ४

नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौं
(रकम फिर्ता माग गर्नेले भर्ने आवेदन)

मितिः : .................

बिषयः कोष कट्टी जम्मा रकम भुक्तानी पाउँ ।

महोदय,

म ......................................................................................... को सेवाबाट अवकास लिएको / राजिनामा गरेको हुँदा म बहाल हुँदा तलबबाट कट्टी भई जम्मा भएको सम्पूर्ण बीमाकोष कट्टी रकम र सोमा आजको मिति ............ सम्म आर्जित व्याज/बोनस समेतको रकम नियमानुसार भुक्तानी पाउनु अनुरोध गर्दछु ।

१. प्रहरी कर्मचारीको नामः ..........................................................................................

२. ठेगानाः क) स्थायी .......................... अन्चल .................... जिल्ला ................
गा.बि.स./न.पा.......................................................................... वार्ड नं. ................
(ख) हालको ......................... अन्चल .............................. जिल्ला .....................
गा.बि.स./न.पा. ......................................................................... वार्ड नं. ................

३. बाबुको नामः ....................................... ४. बाजेको नामः ......................................

५. कोष कट्टी गरीएको कार्यालयहरूको विवरणः

| सि.नं | कार्यालयको नाम | ठेगाना | कोड | बीमाकोषकट्टी मिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

६. नागरिक लगानी कोष बीमाकोष बाहेक अन्य अवकास कोष भुक्तानी बापत जम्मा रकम रू. ..................... लिएको छु

७. उपरोक्त व्यहोरा ठीक साँचो हो भुठ्ठो ठहरे ऐन क़ानून बमोजिम सहुँला बुभाउँला भनी सही गर्ने:

**औंठाको छाप**

नामः ..........................................
पदः ..............................................
बीमा परिचय पत्र नं.: .......................
दस्तखतः .......................................

८. उपरोक्त अनुसार दस्तखत गर्ने आवेदकलाई म राम्ररी चिन्दछु । निजले उल्लेख गरेको उपर्युक्तानुसार व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने (अधिकृत प्रहरी कर्मचारी)

दस्तखत : ............................
नाम : ..............................
पद : ................................
कार्यालयको छाप :

## कार्यालयले भर्ने

(दर्ता फाँट)　　　　रूजु गर्नेको दस्तखतः ..................................

दर्ता मितिः ............................ दर्ता नं. ........................... दर्ता गर्नेको दस्तखतः ..................

---

कार्यक्रम इकाइले भर्ने :

श्री हिसाव फाँट,

निम्नानुसार भुक्तानी गरीदिनु होला ।

१) भुक्तानी पाउनेको नामः ........................................................... २) संकेत नं ...........
३) साँवा रू. .....................................
मिति ...................... सम्मको व्याज रू. .........................................
जम्मा रू. .............................. (अक्षरेपी .......................................................)

| ................... | ........................ | ...................... | |
|---|---|---|---|
| पेश गर्ने | जाँच गर्ने | सिफारिश गर्ने | स्वीकृत गर्ने |

............ ..................................... बैंक उपर खिचिएको नं. ........... को चेकबाट उपरोक्त भुक्तानी प्राप्त भयो ।

औंठाको छाप

| दायाँ | बाँया |
|---|---|
| | |

........................ रकम बुझ्नेको दस्तखत

मितिः... .....................

भौचर नं. ................

लेखापालको दस्तखत .........................